मिति :- २०७७/०५/०४ गते
स्थान :- भूमे गाउँपालिकाको सभा हल
समय :- २:३० बजे

आज मिति २०७७/०५/०४ गते यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय रुकुम (पूर्व)का प्रमुख प्रशासकीय अधिकृत श्री चन्द्रसिंह श्रेष्ठ ज्यू को अध्यक्षतामा गाउँपालिका कार्यालय र वडा कार्यालयमा कार्यरत तपशिलका कर्मचारी हरुको उपस्थितिमा आ.व. २०७७/०७८ श्रावन महिनाको प्रगति समिक्षा तथा आगामी कार्ययोजनाको बारेमा बैठक बसी छलफल गरी निम्न निर्णयहरु पारित गरियो।

उपस्थिति :-

१. चन्द्रसिंह श्रेष्ठ - प्रमुख प्रशासकीय अधिकृत - भूमे गा.पा.
२. प्रेम प्रसाद भट्टराई - अधिकृत छैटौं - ,,
३. उपेन्द्र यादव - ज. स्वा. नि. - ,,
४. गणेश ओली - लेखा अधिकृत - ,,
५. जनक ओली - सूचना प्रविधि अधिकृत - ,,
६. सन्जिव खड्का - ई. अ. - ,,
७. मनोज कुमार खड्का - सहायक पाँचौं - ,,
८. सुन्दर प्रसाद उपाध्याय - आ.ले.प. - ,,
९. टेक बहादुर बुढाथोकी - प्रा. स. - ,,
१०. विर बहादुर के.सी. - कम्प्युटर अपरेटर - ,,
११. विशाल पुन मगर - ना.प्र.स. - ,,
१२. जमुना कुमारी पुन - लेखा तथा प्रशासन सहायक - ८ नं.
१३. दिपक बुढा ,, ,, ,, - २ नं.
१४. पिताम्बर आचार्य वडा सचिव १ नं.
१५. भुपलाल फगामी वडा सचिव ,, ६ नं.
१६ भुपेन्द्र शाही ना.प.स्वा.प्रा भूमे गा.पा.
१७. सनिशा सुनार भूमे गाउँ MISNP पोषण सहजकर्ता
१८. दिलकुमारी बुढा टेलिसेन्टर अपरेटर
१९. पवन कुमार के.सी. खा.पा.स.टे.
२० विशाल पुन मगर ना.प्राविक (कृषि)

२१ भिम प्रसाद नेपाली प्रशासन तथा लेखा सहायक श्रे. ५

श्रेणी ६

२२. सुरेश कुमार शाही वय सचिव -

२३. प्रदिप कुमार हरिजन - इन्जीनीयर - श्रेणी रा.प.

२४. सन्तोष ~~कुमार~~ थर्ति मगर - सब-इन्जीनियर - "

२५. हेमनारायण सिंह [illegible]

### श्रावण महिनाको मासिक समीक्षा

### मिति २०७७ भाद्र ४ गते सम्पन्न नियमित स्टाफ मिटिङको निर्णय

**निर्णय नं. १**

प्रस्ताव नं १ को सम्बन्धमा छलफल गर्दा अघिल्लो स्टाफ मिटिङमा छलफल भई कार्यपालिका बैठकबाट स्वीकृत वार्षिक कार्यतालिका बमोजिम कार्यान्वयन सम्बन्धमा थप छलफल गरी सोही समयसीमा भित्र कार्यान्वयन गरी नियमित प्रतिवेदन गर्ने प्रतिवद्धता व्यक्त गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं २ को सम्बन्धमा छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुबाट चालु आर्थिक वर्षको श्रावण महिनामा सम्पादन गरिएका कामको प्रगति समीक्षा, आइपरेका समस्या र समाधानका उपाय माथि छलफल गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं ३ को सम्बन्धमा छलफल गर्दा यस महिनाको नयाँ कार्यको थालनीको रुपमा आ-आफ्नो कार्यालयबाट गुनासो सहित सेवा प्रवाह अभियान लाई पहिलो प्राथमिकतामा राखी सेवा प्रवाहको व्यवस्था मिलाउने र पालिका तथा वडामा गठित गुनासो सुनुवाई अधिकारीले गुनासो/सुझाव पेटिका हप्ता हप्तामा खोली सो को माइन्यूट सहित प्रतिवेदन गर्ने ।

**निर्णय नं. ४**

पालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत हरेक राष्ट्रसेवकहरुले पालना गर्नुपर्ने आचारसंहिता र मर्यादाहरु पालना गर्दै हरेक कर्मचारीले **मेरो काम, म आफै, आजै फछ्र्यौट गर्छु** भन्ने प्रतिवद्धता गरी सोको अनुगमन र प्रतिवेदन हुने व्यवस्था सहित गुणस्तरीय कार्यसम्पादनमा जोड दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं ५ को सम्बन्धमा छलफल गर्दा वडास्तरमा उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजना तथा कार्यक्रमहरु यथाशीघ्र कार्यान्वयनका लागि पूर्वाधार विकास तथा भवन नियमन शाखाले तत्काल लागत अनुमान तयारी सम्पन्न गर्ने र सम्बन्धित वडा कार्यालय/समितिले वार्षिक कार्यक्रम कार्यान्वयन तालिका बमोजिम भाद्र ३० गतेभित्र उपभोक्ता समितिहरु गठन गरी सोको पूर्ण विवरण तोकिएको ढाँचामा यथाशीघ्र योजना तथा अनुगमन शाखामा पठाउने । साथै, समितिको विवरण प्राप्त भएपछि सम्बन्धित शाखाले समितिका पदाधिकारीहरुलाई अभिमुखीकरणको व्यवस्था मिलाउने।

श्रावण महिनाको मासिक समीक्षा

| वडा/ शाखा | वार्षिक कार्यतालिका कार्यान्वयन | वडाको काम | भाद्र महिनामा गर्नुपर्ने काम | समस्या | समाधान प्रयास |
|---|---|---|---|---|---|
| १ | वार्षिक समिक्षा श्रावण ७ मा सम्पन्न | प्रमाणित, सिफारिश सम्बन्धी सेवाबाट ८६१० आम्दानी<br>सासु नवीकरण सम्पन्न | वडा कार्यालय भवनका लागि जग्गा खोजी, उस गठन | पुरुषको जन्मदर्तामा महिला भएको<br>कम्प्यूटर, इन्टनेट समस्या | मुचुल्का उठाई नियमानुसार संशोधन |
| २ | वार्षिक समिक्षा श्रावणको तेस्रो हप्तामा सम्पन्न | प्रमाणित, सिफारिश सम्बन्धी सेवाबाट २२०९५ आम्दानी | सासु नवीकरण कार्ड, उस गठन, | स्थानीय पञ्जिकाधिकारी रिक्त रहेको | |
| ३ | वार्षिक समिक्षा श्रावण १९ मा सम्पन्न भई प्रतिवेदन | सासु नवीकरण,<br>आम्दानी ८३०० | सबै योजनाहरुको स्थलगत अध्ययन गरी १५ गते भित्र उस गठन | सासु नवीकरण छूट,<br>प्रिन्टर बिग्रेर फोटोकपी समस्या<br>अरु बेला भएको फोटोकपी सित्तैमा गर्ने गरेको | |
| ४ | वार्षिक समिक्षा श्रावण १३ मा सम्पन्न भई प्रतिवेदन बेरोजगार फाराम, | वितरण विवरण (तीन पुस्ते)को सूची प्रकाशन, तीनको छाना विवरण, सासु नवीकरण, १३५३६ आम्दानी | गैसस वार्षिक समीक्षा, उस गठन, वडा कार्यालयको लागि जग्गा थप खोजी | २० वर्ष नपुगेका विवाह दर्ता र जन्म दर्तामा समस्या, सम्बन्ध विच्छेद भई फैसला भएको ४५ दिनभित्र अर्को विवाह दर्ता गर्न नमिल्ने भएकाले जन्म दर्तामा जन्म मिति मेल नखाने समस्या<br>वडामा हालसम्म ६ जना जन्म र विवाह दर्ता नगरेका व्यक्ति रहेको | |
| ५ | वार्षिक समीक्षा श्रावण १३ गते सम्पन्न | ९७९७ आम्दानी, बेरोजगार फाराम, सुरक्षित आवास निवेदन, सासु निवेदन संकलन नवीकरण, स्थानीय रेट, | योजनाको स्थलगत सर्वेक्षण गरी उस गठन, कोभिड नियन्त्रणका लागि सूचना प्रकाशन | वाइफाईको समस्या | पालिकाबाट पत्राचार भई समाधान |
| ६ | वार्षिक समीक्षा श्रावण १२ गते सम्पन्न | १३९७५ आम्दानी, नियमित सेवा प्रवाह, वेरोजगार निवेदन | उस गठन, कोभिड | कम्प्यूटर बिग्रेको | |
| ७ | वार्षिक समीक्षा श्रावण २५ सम्पन्न | ६६१० आम्दानी, अन्य पत्राचार, सिफारिश, प्रमाणित पत्राचार | उस गठन, | सहायक कर्मचारी नभएको, दोहोरो वडा जिम्मेवारी | |
| ८ | वार्षिक समीक्षा श्रावण १४ मा सम्पन्न | सासु नवीकरण र नयाँ दर्ता, सरकारी जग्गा लगत, रु. ४९६३७ आम्दानी दाखा | योजना कार्यान्वयन, उस गठन, कोभिड | प्राविधिकका लागि कम्प्यूटर, टेबल कुर्सी | |
| ९ | | अनुपस्थित | | | |
| स्वास्थ्य | कोभिड केन्द्रित काम, | हाल ७ जना क्वारेन्टाइन र ५ जना होम, ७ पोजिटिभ मध्ये ६ निको भएको १ जना आइसोलेसनमा रहेको छ। | ५० बेडको आइसोलेसन, सबै कर्मचारीहरुको कोभिड बीमा | इन्टरनेटको समस्याका कारण नियमित स्वास्थ्य मिटिङ र प्रदेशसँगको समन्वय मिटिङमा समस्या | |

| | | | | | |
|---|---|---|---|---|---|
| शिक्षा | | संस्थागत विद्यालयहरुलाई EMIS, नियमित कामकाज | विनियोजित कार्यक्रम | | |
| खानेपानी | | वास योजनाको अन्तिम चरणमा | कार्यान्वयन, प्रोफाइल | | |
| कृषि | प्रगति समीक्षा सम्पन्न | रेडियो शिक्षा कार्यक्रम सुरुवात, (कृषि भूमि हाम्रो सरोकार), माग संकलन, बाली संरक्षणका लागि ८० केजी फापर बीउ संकलन, श्रावण २१ मा कृषि पकेट क्षेत्र (१,२,७) तरकारी (३,४,९) केरा (३,४,५, ६ र ८), बंगुर (डालिबाङ), कागति (चुनबाङ) लसुन (८ र ९), सिमी (२), मकै गहुँ बीउ (सिमा) लाई घोषणा | स्थनीय बाली संरक्षण अन्तर्गत मुला र तोरीको बीऊ संकलन, | - | |
| पशु सेवा | | औषधी वितरण, ७१४० आम्दानी | | | |
| सामाजिक सुरक्षा | | ८ वटा वडाको लाभग्राही नाम प्रविष्ट, लक | कार्यक्रम कार्यान्वयन | - | |
| MSNP | | | विवरण संकलन, खाद्य सुरक्षा समितिको बैठक, योजना छनौट | बजेट सुनिश्चित नभएको र जिल्ला सहजकर्ता नभएकाले काम गर्न कठिनाई | |
| Telecenter महत | | ५३५ आम्दानी, | | | |
| जिन्सी | | खरिद योजना | MIS को कम्प्यूटर खरिदका लागि सिलबन्दी, डिजिटाइजेसन, खरिद समितिको बैठक | | |
| आलेप | | आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न (सशर्त बाहेक) प्रतिवेदन बाँकी | प्रतिवेदन तयार गर्ने | | |
| सूचना अभिलेख केन्द्र | | वास योजना कार्य भैरहेको, CMIS, MoFAGA परिपत्र पुन्याउने, कम्प्यूटर समस्या समाधान र सपोर्ट | डिजिटल प्रोफाइल अपडेट, एप निर्माण, तस्बिर बोल्छ तयारी, सामाजिक सञ्जाल अपडेट, LEOC सञ्चालन | कार्यकक्षको अभाव, ल्यापटप छैन, मुभिङ चेयर कर्मचारीहरुले कम्प्यूटर अफ नगरेर कार्यालय छोड्ने, यूपिएस अप नगर्ने समस्या, पत्र खोजेको बेला नभेटिने | |
| प्रशासन | | गैसस विवरण, सहकारी संस्था विवरण, कर्मचारी विवरण अद्यावधिक, घरजग्गा लगत अद्यावधिक, कासमू, सम्पत्ति विवरण | प्रोफाइल अद्यावधिक, फाइल व्यवस्थापन प्रणाली, कोड, समीक्षा, गैसस समीक्षा | - | |
| योजना अनुगमन | | योजना विवरण अद्यावधिक र वार्षिक प्रगति प्रतिवेदन तयारी | स्थलगत अनुगमन, उस गठन सहजीकरण, Planning System update | योजना कार्यान्वयन कार्ययोजना | |

चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

श्रावण महिनाको मासिक समीक्षा

| | | | | | |
|---|---|---|---|---|---|
| आर्थिक प्रशासन | | प्रगति तथा आर्थिक विवरण तयारी, | | आन्तरिक आम्दानी शीर्षकगत प्रतिवेदन अस्पष्ट (भौचर व्यवस्थापन) | |
| पूर्वाधार | | क्वारेन्टाइन भवन निर्माण ल.ई.<br>ट्रस ब्रिज स्टिल पार्टस् टेण्डर तयारी | खरिद व्यवस्थापन (कोटेशन) डिपिआर, ल.ई. | इन्टरनेट, कम्प्यूटर अभाव, | |